# लुम्बिनी साँस्कृतिक नगरपालिका

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ६ | संख्याः८ | मितिः २०७९/११/१४ |


भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्याः ८

# कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त, समानिकरण, राजस्व बाँडफाँड, आन्तरिक आय एवं समपुरक अनुदानका साथै नगरपालिकाको वार्षिक रूपमा स्वीकृत भई कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) "कार्यविधि" भन्नाले कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०७९

ख) "खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

ग) "खरिद नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ।

घ) "कार्यालय" भन्नाले लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ङ) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका सम्झनु पर्छ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रूपमा काम गर्ने कर्मचारीलाई जनाउँछ।

३. **कन्टिन्जेन्सी रकम छुट्टयाउने व्यवस्था**

कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी तथा मर्मत सम्भारको लागि शुरुमै सागत अनुमान तयार गरिनेछः

क) पाँच लाखसम्म विनियोजन भएको योजनाको हकमा अधिकतम ३ (तीन) प्रतिशत।

ख) पाँच लाखभन्दा बढी बीस लाखसम्म विनियोजन भएको योजनामा अधिकतम २.५ (दुई दशमलव पाँच) प्रतिशत।

ग) बीस लाखभन्दा माथि जति सुकै विनियोजन भएको योजना भएता पनि अधिकतम २ (दुई) प्रतिशत।

घ) शशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ।

४. **लागत अनुमानको तयारी**

दफा ३ को खण्ड (क) (ख) र (ग) बमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शतप्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ।

५. **कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरू**

योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी कट्टा रकम प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई कार्यालयले देहायका शिर्षकहरूमा खर्च गर्न सक्नेछ।

क) योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण, मुल्याकन जाँचपास तथा प्रतिवेदन सम्बन्धि बैठक भत्ता लगायत खाजा तथा खाना खर्च,

ख) योजना सर्भे, डिजाइन र गुणस्तर परीक्षणका यन्त्र, उपकरण लगायतका प्राविधिक सामग्री खरिद,

ग) योजना सञ्चालनका लागि आवश्यक पर्ने सुपरिवेक्षक र प्राविधिक कर्मचारी खटाउने कार्य,

घ) योजना तथा प्राविधिक कर्मचारीको क्षमता विकास सम्बधी तालिम, गोष्ठी, सेमिनार आदि,

ङ) प्राविधिक कर्मचारीलाई तोकिए बमोजिम फिल्ड भत्ता, यातायात खर्च, खान खर्च, खाजा खर्च, इन्धन खर्च, सञ्चार खर्च तथा प्रोत्साहन भत्ता आदि,

च) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

छ) परामर्श सेवा लिनु परेमा परामर्श दाताको पारिश्रमिक खर्च,

ज) उपभोक्ता समितिको क्षमता विकास कार्य, पूर्वाधार विकास सम्बद्ध योजनाहरूको कार्यान्वयन, प्रगति समिक्षा सम्बन्धी खर्च, बोलपत्र मूल्यांकन समितिका लागि खान, खाजा तथा भत्ता खर्च,

**६. बजेट फ्रीज सम्बन्धी व्यवस्था**

आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछः

क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरूको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ३ तीन दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ।

ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिजेन्सी रकम सञ्चित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसूची १ बमोजिमको कार्ययोजना तयार गरि खर्च गर्न सकिनेछ।

**७. कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली**

नगर कार्यपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय प्रदेश सरकारबाट प्राप्त हुने शशर्त विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमा एकीकृत रूपमा हिसाब गरी सो को खर्च गरिने क्षेत्रहरूको

अध्ययन गरी पूर्वाधार विकास शाखाबाट अनुसूची १ बमोजिम कन्टिन्जेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ। तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगै खर्च गर्ने व्यवस्था मिलाइनेछ।

८. **थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

९. **बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुने

१०. **यसै बमोजिम भए गरेको मानिने**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरू यसै कार्यविधि अनुरूप भए गरेको मानिनेछ।

## अनुसूची १
**(कार्यविधिको दफा ८ सँग सम्बन्धित)**

| क्र.सं. | योजनाको नाम | स्वीकृत रकम | कन्टिन्जेन्सी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत